प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७९/०८० मा डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षाको लागि पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने म्याद थप तथा प्रवेश योग्यता संशोधन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७९।०५।०८ गते)

उपर्युक्त सम्वन्धमा यस परीक्षा नियन्त्रण कार्यालयबाट शैक्षिक शत्र २०७९/०८० का लागि परिषद्का आंगिक, साझेदारी, टेक्स तथा निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षालयहरुमा डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहका **सम्पुर्ण कार्यक्रमहरुमा** मिति २०७९।०४।१२ गतेको र मिति २०७९।०४।२७ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने अन्तिम मिति २०७९।०५।०९ गते बिहीवार सम्म तोकिएकोमा परिषद्को पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाको च.नं ५८१, मिति २०७९।०५।०८ गतेको पत्रानुसार पाठ्यक्रम समितिको मिति २०७९।०५।०८ गतेको बैठकबाट परिषद् अन्तर्गतका शैक्षिक कार्यक्रम अध्ययनका लागि देहाय बमोजिम प्रवेश योग्यता निर्धारण भई शैक्षिक शत्र २०७९/८० बाट लागू हुने गरी संशोधन भै आएकोले मिति २०७९।०४।१२ गते र मिति २०७९।०४।२७ गते प्रकाशित सूचनाका अन्य सम्पुर्ण शर्तहरु लागू हुने र प्रवेश योग्यताका हकमा तपसिल बमोजिम हुने गरी मिति २०७९।०५।०८ गतेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षस्तरीय निर्णयानुसार आवेदन फाराम भर्ने म्याद मिति २०७९।०५।१२ गतेसम्म थप गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

**अ. डिप्लोमा तथा प्रमाणपत्र तहः**

**(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः**

| क.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद्बाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | प्रमाणपत्र तह नर्सिङ्ग बाहेकका अन्य सम्पुर्ण कार्यक्रमहरुको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी.वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ख) अक्षराङ्कन पद्धतिमा अध्ययन गरेकाको हकमाः**

| क.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | स्वास्थ्य कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० सि.जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | स्वास्थ्य बाहेक अन्य सम्पुर्ण कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ सि.जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**आ. प्रि-डिप्लोमा तहः**

प्रि-डिप्लोमा तहमा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यताः

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चात एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेस भई न्यूनतम ई ग्रेड वा सो सरह अथवा ग्रेडसिट प्राप्त ।

**आवेदन फाराम भर्ने म्याद थप सम्वन्धी जानकारी :**

१. डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको **आवेदन फाराम भर्ने अन्तिम मिति २०७९।०५।१२ गते** आईतवार सम्म ।

२. शिक्षालयहरुले **शुल्क बापतको रकम बुझाउने अन्तिम मिति २०७९ भाद्र १३ गते सोमवार कार्यालय समय भित्र ।**

३. परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्वन्धित **शिक्षालयहरुले २०७९ भाद्र १२ गते आईतवार राती १२:०० बजे सम्म** प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्वन्धित शिक्षालयले तोकिएको मिति र समय भित्र ITMS Online मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षालय हुनेछ ।

४. **प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा हुने मिति** : २०७९।०५।१६ गते बिहीवार बिहान ८:०० बजे ।

५. **डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा हुने मिति** : २०७९।०५।१७ गते शुक्रवार दिउंसो ३:०० बजे ।

६. **परीक्षा केन्द्रः**

(क) प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह **स्वास्थ्य बाहेकका** कार्यक्रमहरुको प्रवेश परीक्षा सम्वन्धित शिक्षालयहरुमा हुनेछ ।

(ख) डिप्लोमा/प्रमाणपत्र तह **स्वास्थ्य कार्यक्रमहरुको** परीक्षा केन्द्र मिति २०७९।०५।१३ गते प्रकाशित गरिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**